**शिक्षा प्रविधि तत्परता सूचकांक (EdTech Readiness Index -ETRI)**

**विद्यालय प्रश्नावली**

## परिचय

कुन हदसम्मको प्रविधिले शिक्षण तथा सिकाइ प्रक्रियालाई सहयोग पुर्याउँन सकिन्छ भन्ने सम्बन्धमा अनुगमन गर्नका लागि राष्ट्रहरूलाई सहायता प्रदान गर्न विश्व बैंकले इमाजिनेबल फ्युचर्स (Imaginable Futures)सँगको सहकार्यमा शिक्षा प्रविधि तत्परता सूचकांक (**EdTech Readiness Index- ETRI)** तयार गर्दैछ । शिक्षा प्रविधि तत्परता सूचकांक (**ETRI)** ले सम्बन्धित राष्ट्रमा शिक्षा तथा प्रविधि क्षेत्रको परिस्थितिकी वातावरण (ecosystems) का महत्वपूर्ण तत्वहरू (elements) पत्ता लगाई अपेक्षित फल प्राप्त गर्न शिक्षा प्रविधिमा लगानीका लागि कुन् हदसम्मको अवस्था आवश्यक पर्छ भन्ने निर्क्योल गर्ने लक्ष्य लिएको छ । शिक्षा प्रविधि तत्परता सूचकांक (ETRI) का सूचकहरुले विद्यार्थीको सिकाइमा प्रभाव पार्ने दुईओटा मुख्य आयामका बारेमा सूचना संकलन गर्नेछः अभ्यास (वा विद्यालयमा सेवा प्रदान गर्ने सम्बन्धी व्यवस्था) र नीति (जसले कार्यान्वयनलाई मार्गदर्शन प्रदान गर्छ) । उपरोक्त अभ्यास र नीति सम्बन्धी सूचकहरूलाई ६ ओटा सामान्य भाग (Components) मा विभाजन गरिएको छः विद्यालय व्यवस्थापन, शिक्षक, विद्यार्थी, उपकरण, कनेक्टिभिटी, र डिजिटल स्रोत ।

समग्रमा, यी सूचकहरूमा दुईओटा प्रश्नावलीको प्रयोगबाट संकलन गरिएका तथ्याङ्क रहनेछन् । यस दस्तावेजमा दूर (अप्रत्यक्ष) माध्यमबाट विद्यालय तहमा तथ्याङ्क संकलन गर्ने प्रश्नावली रहेका छन् । विद्यालयका प्रधानाध्यापक र केही छानिएका शिक्षकहरू मात्रै सूचनादाता (Informants) हुनेछन् । उनीहरूले माथि उल्लेख गरिएका अभ्यास र वास्तविक *(de facto)* नीति सम्बन्धी दुवै सूचकहरू तयार पार्न आवश्यक तथ्याङ्क प्रदान गर्नेछन् । शिक्षा प्रविधि तत्परता सूचकांक (ETRI) सर्वेक्षणको दोस्रो प्रश्नावली (नीतिगत प्रश्नावली) ले कानूनमा व्यवस्था भएका *(de jure)* नीतिगत सूचकहरू र शिक्षा क्षेत्रमा विद्यमान सूचना तथा सञ्चार प्रविधि (आइसिटी) सम्बन्धी नीतिका केही महत्वपूर्ण पक्षलाई केन्द्रित गरेको छ ।

The document *ETRI School Questionnaire (Nepali)* was elaborated by the World Bank's Education Global Practice as part of the EdTech Readiness Index. Version 1.0. Published on 22nd of March 2023. For further information please contact: ETRI@worldbank.org.

## शिक्षा प्रविधि तत्परता सूचकांक (EdTech Readiness Index -ETRI)
## विद्यालय प्रश्नावली

**अपेक्षित उत्तरदाता: विद्यालयका प्रधानाध्यापक**

**सर्वेक्षण प्रशासनको किसिम: दूर (अप्रत्यक्ष)**

**विद्यालय र यस सम्बन्धी सूचनाको पहिचान:**

नाम:

ठेगाना: प्रदेश:

टेलिफोन: इमेल:

विद्यालयको शिक्षा व्यवस्थापन सूचना प्रणाली कोड EMIS Code:

विद्यालयमा पढाइ हुने कक्षा[1]:

पूर्वविद्यालय ☐

कक्षा १ ☐

कक्षा २ ☐

कक्षा ३ ☐

कक्षा ४ ☐

कक्षा ५ ☐

कक्षा ६ ☐

कक्षा ७ ☐

कक्षा ८ ☐

कक्षा ९ ☐

कक्षा १० ☐

कक्षा ११ ☐

कक्षा १२ ☐

विशेष आवश्यकता ☐

माध्यामिक तहको किसिम: [कक्षा ९ वा सोभन्दा माथि भए उल्लेख गर्ने]

सामान्य ☐

प्राविधिक ☐

**परिचय**

नमस्कार ! मेरो नाम..........हो । म अध्ययन अनुसन्धानमा काम गर्ने संस्था नेपाल विकास अनुसन्धान प्रतिष्ठानबाट बोल्दैछु । हामीले प्राथमिक तथा माध्यामिक तहको पढाइ हुने विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को उपलब्धता, पहुँच र प्रयोगका बारेमा सर्वेक्षण गर्दैछौं । यसले युवाहरूमा आइसिटी सम्बन्धी सीप विकासमा टेवा पुर्याउनेछ । आइसिटी एउटा सामान्य पारिभाषिक शब्द हो । यसले सूचना सम्प्रेषण, भण्डारण, निर्माण, आदान -प्रदान वा लेनदेन गर्न सहायक हुने प्रविधिगत औजार तथा स्रोत साधनलाई जनाउँछ । तिनीहरूमा कम्प्युटर, इन्टरनेट (वेबसाइट, ब्लग, र इमेल), प्रत्यक्ष प्रसारण गर्न सकिने प्रविधिहरु (रेडियो, टेलिभिजन), रेकर्ड गरिएका सूचना सामग्री प्रसारण गर्न सकिने प्रविधिहरु (श्रव्यदृश्य/अडियो भिडियो प्लेयरहरु तथा स्टोरेज उपकरण) र टेलिफोन (मोबाइल फोन, ल्यान्डलाइन, स्याटलाइट, भिडियोकन्फरेन्स) पर्दछन् ।

यो नेपालका विभिन्न विद्यालयहरुका साथै विश्वको अन्य केही छानिएका राष्ट्रहरूमा कार्यान्वयन गरिएको छ । यस अध्ययनबाट प्राप्त नतिजाले ती राष्ट्रका बालबालिकाको सिकाइ अनुभवमा सुधार ल्याउन आवश्यक पर्ने नीतिगत योजना निर्माणमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

यो अध्ययन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सहयोगमा विश्व बैंकद्वारा गरिएको हो । शिक्षण तथा सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को प्रयोग सम्बन्धी तपाईको पृष्ठभूमि र यसका विविध पक्षका बारेमा हामी तपाईलाई केही प्रश्न सोध्न चाहन्छौं । तपाईको अन्तर्वार्ता सम्पन्न हुन करिब ३० मिनेट लाग्छ ।

अन्तर्वार्तामा क्रममा तपाईलाई सोधिएका प्रश्नहरुमा तपाईले दिनुभएको उत्तरलाई गोप्य राखिनेछ । अनुसन्धानमा खटिएका कर्मचारीले तपाईको परिचय र व्यक्तिगत सूचनालाई सुरक्षित गर्नेछन् । यसले गर्दा विश्वव्यापी अनुसन्धान टोलीभन्दा बाहिर रहेका कोही पनि व्यक्तिले तपाईबाट आएका उत्तर तपाईंले नै दिनुभएको हो भनेर थाहा पाउन सक्दैनन् । तपाईले हामीलाई उपलब्ध गराउनुभएका तथ्याङ्क भविष्यमा हुने विभिन्न प्रकाशन वा प्रस्तुतीकरणको एउटा आधारका रूपमा प्रयोग गर्न सकिन्छ । तर, यसो गर्दा हामीले तपाईको नाम वा तपाईंको परिचय खुल्ने सूचना प्रयोग गर्नेछैनौं । अध्ययनको नतिजा प्रकाशन गर्ने क्रममा सूचना तथा तथ्याङ्कलाई प्रदेश वा जिल्लागत आधारमा एकत्रित गरिनेछ र विद्यालयगत रूपमा प्रस्तुत गरिनेछैन ।

यस अध्ययनमा तपाईको सहभागिता नितान्तः स्वैच्छिक हुनेछ । तपाईले यस अध्ययनमा सहभागी हुन इन्कार गर्न वा अध्ययनकै क्रममा जुनसुकै बेला यसबाट अलग हुन सक्नुहुन्छ । साथै, तपाईले अन्तर्वार्तामा सोधिएका कुनै पनि प्रश्नको उत्तर नदिन वा छोड्न सक्नुहुन्छ । यस अध्ययनमा सहभागी हुने/नहुने निर्णयले कुनै पनि विद्यालय वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग रहँदै आएको तपाईको सम्बन्ध प्रभावित हुँदैन ।

यस अध्ययनका सम्बन्धमा तपाईका कुनै जिज्ञासा भए कृपया ............ मा सम्पर्क गर्नुहोला ।

सहमति

तपाई यस अध्ययनमा सहभागी हुन सहमत हुनुहुन्छ ?

0. छैन

१. छु

यदि छैन भने अन्तर्वार्ता अगाडि नबढाउनुहोस्

| क उत्तरदाता र विद्यालय सम्बन्धी सामान्य पृष्ठभूमि सूचना | स्किप (Skip) |
|---|---|
| १. विद्यालयमा तपाईको पद के हो ? (सबैभन्दा वरिष्ठ दर्जा)<br>क. प्रधानाध्यापक (Principal))<br>ख. उप-प्रधानाध्यापक (Deputy Principal)<br>ग. प्रधानाध्यापक /शिक्षक (Head Teacher/Teacher)<br>घ. शिक्षक सहायक (Teacher Assistant)<br>ङ. लगानीकर्ता/सह-लगानीकर्ता (Owner/Co-Owner)<br>च. अन्य (उल्लेख गर्नुहोस्..............................)<br>२. तपाईले विद्यालयमा कहिल्यै पढाउनुभएको छ ?<br>क. छ<br>ख. छैन<br>३. कुनसालदेखि पढाउन सुरू गर्नुभयो ?<br>साल:__________<br>४. तपाईले हाल यस विद्यालयमा पढाइ रहनुभएको छ ?<br>क. छ<br>ख. छैन<br>५. यस शैक्षिक सत्रमा तपाईले कुन कक्षामा पढाउनुहुन्छ ?<br>क. कक्षा १<br>ख. कक्षा २<br>ग. कक्षा ३<br>घ. कक्षा ४<br>ङ. कक्षा ५ | क२=ख भए क६ मा जानुहोस्<br>(२००६-२०७९ साल)<br>क४=ख भए क६ मा जानुहोस् |

| | |
|---|---|
| च. कक्षा ६<br>छ. कक्षा ७<br>ज. कक्षा ८<br>झ. कक्षा ९<br>ञ. कक्षा १०<br>ट. कक्षा ११<br>ठ. कक्षा १२<br>ड. पूर्वविद्यालय (Pre-school)<br>ढ. विशेष आवश्यकता (Special Needs)<br>६. तपाईले हासिल गर्नुभएको सबैभन्दा माथिल्लो शैक्षिक योग्यता कुन् हो ?<br>क. शैक्षिक योग्यता नभएको वा प्राथमिक शिक्षाभन्दा कम<br>ख. प्राथमिक शिक्षा पूरा गरेको<br>ग. उच्चविद्यालय वा माध्यामिक शिक्षा पूरा गरेको<br>घ. विद्यालय तहमाथिको (Tertiary) गैर-विश्वविद्यालय डिग्री<br>ङ. विश्वविद्यालय डिग्री-स्नातक<br>च. विश्वविद्यालय डिग्री-स्नातकोत्तर वा पिएचडी<br>छ. अन्य (उल्लेख गर्नुहोस्)<br>७. कुन सालमा तपाईले यस विद्यालयमा अहिलेको पद प्राप्त गर्नुभयो ?<br>साल:____________<br>८. तपाईको उमेर कति भयो ?<br>उमेर (पूरा गरेको वर्षमा):___________<br>९. तपाईको लिङ्ग के हो ?<br>पुरूष ☐<br>महिला ☐<br>अन्य ☐<br>उत्तर दिन अनिच्छुक ☐<br>१०. यस विद्यालयमा हाल कति विद्यार्थी अध्ययनरत छन् (जम्मा) ? अनुमान मात्रै भए पुग्ने ।<br>संख्या:______________ | |

| | |
|---|---|
| ११. यस विद्यालयको कक्षा ५/९ मा हाल कति विद्यार्थी अध्ययनरत छन् (जम्मा) ? अनुमान मात्रै भए पुग्ने ।<br>संख्या:___________ | |
| **ख. विद्यालय नेतृत्व (School Leadership) र सूचना तथा सञ्चार प्रविधि (आइसिटी)** | |
| १२. तपाईको विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) का प्रयोग सम्बन्धी तलका भनाइमा तपाई कत्तिको सहमत वा असहमत हुनुहुन्छ ?<br>(१. पूर्ण असहमत, २. असहमत, ३. सहमत, ४. पूर्ण सहमत)<br>क. मेरो विद्यालयमा प्रविधि र/वा उपकरणको प्रयोगलाई विद्यालयको शिक्षण प्रक्रिया तथा प्रशासनमा समावेश गर्ने सम्बन्धी डिजिटल रणनीति वा अन्य कुनै योजना/रणनीतिको व्यवस्था छ<br>ख. मेरो विद्यालयमा विद्यालय नेतृत्वले डिजिटल रणनीति तयार गर्न शिक्षकहरूलाई संलग्न गराएका छन्<br>ग. मेरो विद्यालयमा विद्यालय नेतृत्वले आइसिटीको प्रयोग गरी शिक्षण तथा सिकाइका नयाँ तरिका अपनाउने प्रयासमा शिक्षकलाई मद्दत गरेका छन्<br>घ. मेरो विद्यालयमा आइसिटीको प्रयोगबाट शिक्षण तथा सिकाइमा हुने फाइदा र बेफाइदाका बारेमा छलफल भएको छ<br><br>डिजिटल रणनीतिको परिभाषाका लागि कृपया शब्द संग्रह (Glossary) हेर्नुहोस् ।<br>१३. तपाईको विद्यालयमा विद्यार्थीले देहायका प्रत्येक कार्य गर्न सक्षम हुनका लागि आइसिटी सम्बन्धी सीप हासिल गरेको सुनिश्चित गर्नु कत्तिको महत्वपूर्ण छ ?<br>(१. महत्वपूर्ण छैन, २. थोरै महत्वपूर्ण, ३. सामान्य महत्वपूर्ण, ४. अति महत्वपूर्ण)<br>क. कम्प्युटरका आधारभूत कार्यहरूका लागि (जस्तैः इन्टरनेटको प्रयोग, इमेल, टाइप गर्ने वा Word Processing, प्रस्तुतीकरण सफ्टवेयर)<br>ख. सूचनाको पहुँच र उपयोगका लागि<br>ग. डिजिटल उपकरणहरू सुरक्षित तथा उपयुक्त रूपमा प्रयोग गर्नका लागि<br>घ. आम रूपमा उनीहरूको सिकाइ सुधार गर्नका लागि<br>१४. आइसिटीको प्रयोगलाई विद्यालयको रणनीतिक योजनामा एकीकृत गर्न मुख्यतः शिक्षा प्रणालीको कुन् तह जिम्मेवार छ ?<br>क. राष्ट्रिय तह | ख१२क=१भए ख१२ग मा जानुहोस् |

| | |
|---|---|
| ख. प्रादेशिक/स्थानीय तह<br>ग. विद्यालय तह<br>घ. त्यस्तो कुनै तह छैन, यस सम्बन्धी जिम्मेवारी तोकिएको छैन<br>ङ. थाहा छैन<br>१५. आइसिटीलाई शिक्षण तथा सिकाइ क्रियाकलापमा एकीकृत गर्ने सम्बन्धमा तपाईको विद्यालयले राष्ट्रिय वा प्रादेशिक/स्थानीय तहका शैक्षिक निकायबाट उपलब्ध गराइएका निर्देशिका (जस्तै: शिक्षामा आइसिटी गुरूयोजना २०७८-२०८३) वा सहायक औजारहरू (Supporting Tools) को प्रयोग गरेको छ ?<br><br>क. छ । तिनीहरू उपयोगी छन्<br>ख. छ । तर मेरो विद्यालयको आवश्यकता अनुरूप तिनीहरू धेरै उपयोगी छैनन्<br>ग. छैन । शैक्षिक निकायहरूले यस्ता निर्देशिका उपलब्ध गराएका छैनन्<br>घ. यस प्रकारका निर्देशिका/औजारहरूको व्यवस्था छ भन्ने बारेमा मलाई जानकारी छैन<br>१६. बिगत १२ महिनाको अवधिमा तपाई शिक्षण तथा सिकाइ क्रियाकलापमा आइसिटीको व्यवस्थापन तथा प्रयोग सम्बन्धी कुनै तालिममा उपस्थित वा सहभागी हुनुभएको छ ?<br>क. छ । सरकारले अनिवार्य गरेको औपचारिक तालिममा<br>ख. छ । ऐच्छिक उपस्थितीको व्यवस्था गरिएको औपचारिक तालिममा<br>ग. छ । अन्य प्रधानाध्यापक/शिक्षकसँगै सहभागी हुन पाइने व्यवस्था रहेको अनौपचारिक तालिममा (जस्तै: बैठक तथा कार्यशाला)<br>घ. छैन<br>१७. तालिमको आयोजना कसरी गरिएको थियो?<br>क. भौतिक उपस्थितीमा (In-person)<br>ख. दूर तालिम (जस्तै: अनलाइन माध्यम वा टेलिकन्फरेन्सिङ सुविधाको प्रयोग गरी)<br>ग. माथिका दुवैको संयोजनमा<br>१८. तपाईलाई यो तालिम उपयोगी लाग्यो ? (जस्तै: तपाईले तालिममा सिकेका सीपहरूलाई व्यवहारमा उपयोग गर्नुभयो?<br>क. लाग्यो | ख१६=घ भए ग१९ मा जानुहोस् |

| | |
|---|---|
| ख. लागेन<br>१९. तपाईको विद्यालयमा साइबर बुलिङ (साइबर उत्पीडन) सम्बन्धी तलका भनाइमा तपाई कत्तिको सहमत वा असहमत हुनुहुन्छ ?<br>(१. पूर्ण असहमत, २. असहमत, ३. सहमत, ४. पूर्ण सहमत)<br>क. साइबर बुलिङ (साइबर उत्पीडन) का विभिन्न स्वरूपहरूका बारेमा प्रशस्त सूचना तथा जानकारी छ<br>ख. साइबर बुलिङ (साइबर उत्पीडन) रोक्न नियम तथा नियमावलीको व्यवस्था छ<br>ग. विद्यार्थीको व्यवहार लगायत साइबर बुलिङ (साइबर उत्पीडन) गर्ने र त्यस्ता घटनाको रमिते बन्ने बालबालिकालाई मार्गदर्शन गर्ने नियम तथा नियमावलीको व्यवस्था छ<br>घ. साइबर बुलिङ (साइबर उत्पीडन) सम्बन्धी घटनाको पहिचान र त्यसको प्रतिकार्य कसरी गर्ने भन्ने बारेमा शिक्षकहरूलाई थाहा छ<br>ङ. साइबर बुलिङ (साइबर उत्पीडन) का विभिन्न स्वरूपका बारेमा विद्यार्थीहरू सुसूचित छन्<br>च. साइबर बुलिङ (साइबर उत्पीडन) का घटना कसरी र कहाँ उजुर गर्ने भन्ने बारेमा विद्यार्थीहरूलाई थाहा छ | |
| ग. आइसिटीको प्रयोग सम्बन्धी शिक्षकका अभ्यासहरू (Practices) | |
| तलका प्रश्नहरू आइसिटीको प्रयोगका बारेमा शिक्षकका अभ्याससँग सम्बन्धित छन् । यी प्रश्नहरूको उत्तर दिँदा कृपया तपाईको विद्यालयमा कक्षा ५/९ मा गणित वा भाषा पढाउने  शिक्षक वा शिक्षकहरुका बारेमा तपाईंसँग भएको ज्ञानलाई ध्यानमा राखी उत्तर दिनुहोला ।<br>यदि तपाईंको विद्यालयमा कक्षा ५/९ मा गणित वा भाषा पढाउने एकभन्दा बढी शिक्षक छन् भने उनीहरूको नामको बर्णानुक्रम अनुसार पहिलो नम्बरका शिक्षकका बारेमा आफूसँग भएको ज्ञानलाई ध्यानमा राखी उत्तर दिनुहोला ।<br>२०. बिगत ३ महिनाको अवधिलाई हेर्दा कक्षा ५/९ मा पढाउने शिक्षकले आफ्नो प्रत्यक्ष कक्षा हुँदाको कुनै पनि समयमा देहायका क्रियाकलापहरू कत्तिको गरेका छन् ?<br>(१. कहिल्यै गरेका छैनन् वा बिरलै गरेका छन्, २. केही पाठमा, ३. अधिकांश पाठमा, ४. हरेका पाठमा, ९. थाहा छैन) | |

| | |
|---|---|
| क. कक्षा छलफलका क्रममा सूचना वा जानकारीको खोजी गर्न आइसिटीको प्रयोग (जस्तैः डिजिटल बुक, डिजिटल माध्यम)<br>ख. कक्षामा पढाउँदा सूचना प्रस्तुत गर्न आइसिटीको प्रयोग (जस्तैः शब्द, चित्र, भिडियो)<br>ग. कक्षा व्यवस्थापन औजारहरूको प्रयोग (जस्तैः गुगल क्लासरूम, माइक्रोसफ्ट टिम्स)<br>घ. विद्यार्थीलाई इन्टरनेटमा सूचना (सामग्री) खोज्न लगाउने<br>ङ विद्यार्थीलाई डिजिटल औजारहरूको प्रयोग गरी नतिजा वा आउटपुट प्रस्तुत गर्न लगाउने<br>च. विद्यार्थीको सिकाइ लेखाजोखा गर्न डिजिटर औजारहरूको प्रयोग (जस्तैः परीक्षा, अनलाइन क्विज/प्रश्नोत्तर)<br>२१. बिगत ३ महिनाको अवधिमा कक्षा ५/९ मा पढाउने शिक्षकले आफ्नो पाठयोजना तयार गर्दा वा बनाउँदा डिजिटल उपकरणहरू (जस्तैः कम्प्युटर, ट्याब्लेट, स्मार्टफोन आदि) को प्रयोग गरी तलका क्रियाकलापहरू कत्तिको गरेका छन् ?<br>(१. कहिल्यै गरेका छैनन् वा बिरलै गरेका छन्, २. महिनाको एक/दुई पटक, ३. हप्ताको एक/दुई पटक, ४. हरेक दिन वा दिनहुँ जसो), ९. थाहा छैन)<br>क. कक्षाको प्रयोजनका लागि पाठ्य/शैक्षिक सामग्रीको खोजी (इन्टरनेट, शैक्षिक पोर्टल आदिमा उपलब्ध स्रोत सामग्रीहरू)<br>ख. अन्य शिक्षकहरूसँग शैक्षिक सामग्रीको आदान-प्रदान<br>ग. अन्य शिक्षकले तयार गरेका परियोजना (Project) मा सहभागी<br>घ. शिक्षण क्रियाकलापमा प्रयोग गर्नका लागि प्रस्तुतीकरण वा अन्य शैक्षिक सामग्रीहरूको तयारी<br>ङ. शिक्षण तथा सिकाइ प्रविधिहरूको प्रयोगका बारेमा ज्ञान विकास वा अभिवृद्धि<br>च. प्रशासनिक कक्षा व्यवस्थापन सञ्चालन (जस्तैः कक्षामा विद्यार्थी अनुपस्थितिको अभिलेख, कक्षागत प्रगति प्रतिवेदन तयार आदि)<br>२२. कक्षा ५/९ मा पढाउने शिक्षकले आइसिटीको प्रयोग गरी देहायका क्रियाकलापहरू गर्न सक्छन् भन्नेमा तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ?<br>(१. कत्ति पनि विश्वस्त छैन, २. थोरै विश्वस्त छु , ३. सामान्य विश्वस्त छु , ४. अति विश्वस्त छु, ९. थाहा छैन)<br>क. इन्टरनेटको छलफल फोरम (Discussion Forum) वा युजर ग्रुपमा योगदान गर्न (जस्तैः विकी/Wiki वा ब्लग) | |

| | |
|---|---|
| ख. कक्षामा प्रयोग गरिने प्रस्तुतीकरण (जस्तैः माइक्रोसफ्ट पावरप्वाइन्ट वा यस्तै प्रकारका प्रोग्राम प्रयोग गरी) तयार गर्न<br>ग. विद्यार्थीले आइसिटीको प्रयोग गर्नुपर्ने पाठहरू तयार गर्न<br>घ. अभिलेख राख्न वा तथ्याङ्कमा आधारित काम गर्नका लागि स्प्रेडसिट प्रोग्राम (जस्तैः माइक्रोसफ्ट एक्सेल) को प्रयोग गर्न<br>ङ. आइसिटीको प्रयोग मार्फत विद्यार्थीको सिकाइ अवस्था लेखाजोखा गर्न<br>च. साझा (Shared) स्रोत (जस्तैः गुगल डक्स, वाननोट) को प्रयोग गरी सहकर्मीहरूसँग सहकार्य गर्न<br>२३. शिक्षकसँग हुनुपर्ने वा उनीहरूले विकास गर्नुपर्ने अपेक्षा गरिएको डिजिटल क्षमता* निर्धारण गरिएको कुनै कानूनी संरचना वा निर्देशिकाको व्यवस्था छ ?<br>*कार्यसम्पादन वा समस्या समाधान गर्ने उद्देश्यले सञ्चार सम्पर्क, सूचनाको पहुँच, व्यवस्थापन, संयोजन, आदान-प्रदान तथा मूल्याङ्कनका लागि आइसिटी र डिजिटल माध्यमको प्रयोग गर्न आवश्यक पर्ने ज्ञान, सीप तथा मनोभाव (Attitude) लाई डिजिटल क्षमता (Digital Competence) भनिन्छ ।<br>क. छ र यो संरचना/निर्देशिका उपयोगी छ<br>ख. छ तर यो संरचना/निर्देशिका यस विद्यालयका लागि सान्दर्भिक छैन<br>ग. यस्तो संरचना/निर्देशिका छैन<br>घ. यस्तो संरचना/निर्देशिका भए नभएको थाहा छैन<br>२४. गत शैक्षिक सत्रमा आइसिटीको प्रयोग सम्बन्धमा कक्षा ५/९ मा पढाउने शिक्षकको औपचारिक मूल्याङ्कन भयो ?<br>क. भयो<br>ख. भएन<br>ग. थाहा छैन<br>२५. तपाईको विद्यालयमा कक्षा ५/९ मा पढाउने शिक्षकले लिएको प्रारम्भिक तालिम कार्यक्रममा तलका विषयहरू समावेश थिए ?<br>(१. थिए, २. थिएनन्, ९. थाहा छैन)<br>क. सामान्य रूपमा आइसिटीको प्रयोग कसरी गर्ने भन्ने सम्बन्धी सिकाइ<br>ख. शिक्षण क्रियाकलापमा आइसिटीको प्रयोग कसरी गर्ने भन्ने सम्बन्धी सिकाइ | |

| | |
|---|---|
| २६. बिगत १२ महिनाको अवधिमा कक्षा ५/९ मा पढाउने शिक्षकले शिक्षण तथा सिकाइ अभ्यासमा आइसिटीको प्रयोग सम्बन्धी कुनै व्यवसायिक विकास क्रियाकलापमा सहभागी जनाएका छन् ?<br>क. छन् । सरकारले अनिवार्य गरेको औपचारिक तालिममा<br>ख. छैनन् । ऐच्छिक उपस्थितीको व्यवस्था गरिएको औपचारिक तालिममा<br>ग. छन् । अन्य प्रधानाध्यापक/शिक्षकसँगै सहभागी हुन पाइने व्यवस्था रहेको अनौपचारिक तालिममा (जस्तैः बैठक)<br>घ. छैनन्<br>ङ. थाहा छैन | |
| घ. आइसिटीको प्रयोग सम्बन्धी विद्यार्थीका अभ्यासहरू (Practices)<br>तलका प्रश्नहरू सिकाइ तथा यस सम्बन्धी क्रियाकलापमा आइसिटीको प्रयोग गर्ने बारेमा विद्यार्थीका अभ्याससँग सम्बन्धित छन् । यी प्रश्नहरूको उत्तर दिँदा कृपया तपाईंको विद्यालयमा कक्षा ५/९ मा अध्ययनरत विद्यार्थीका बारेमा तपाईसँग भएको ज्ञानलाई ध्यानमा राखी उत्तर दिनुहोला । | |
| २७. बिगत ३ महिनाको अवधिलाई बिचार गर्दा विद्यालयभित्र देहायका क्रियाकलापहरूका लागि कक्षा ५/९ का विद्यार्थीले डिजिटल उपकरणहरू (जस्तैः डिजिटल टेलिभिजन, कम्प्युटर, ट्याब्लेट) को प्रयोग कत्तिको गरेका छन् ?<br>(१. कहिल्यै गरेका छैनन् वा बिरलै गरेका छन्, २. केही पाठमा, ३. अधिकांश पाठमा, ४. हरेक पाठमा, ९. थाहा छैन)<br>क. परियोजना (Project) का लागि सूचना वा तथ्याङ्कको खोजी<br>ख. परियोजना (Project) का बारेमा अन्य विद्यार्थीसँग सञ्चार सम्पर्क<br>ग. अन्य विद्यार्थीसँग विद्यालयकार्यको नतिजा वा विद्यालयकार्य (Schoolwork) आदान-प्रदान<br>घ. पूरा गरेको विद्यालयकार्य पेश<br>ङ. खोजी गर्दा फेला परेका सूचनाको मूल्याङ्कन<br>च. दस्तावेज तयार, प्रस्तुतीकरण, वा भिजुअल (दृश्यात्मक) आउटपुट वा भिडियो निर्माण | |

| | |
|---|---|
| २८. बिगत ३ महिनाको अवधिलाई बिचार गर्दा विद्यालय बाहिर देहायका क्रियाकलापहरूका लागि कक्षा ५/९ का विद्यार्थीले डिजिटल उपकरणहरूको प्रयोग कत्तिको गरेका छन् ?<br>(१. कहिल्यै गरेका छैनन् वा बिरलै गरेका छन्, २. महिनाको एक/दुई पटक, ३. हप्ताको एक/दुई पटक, ४. हरेक दिन वा दिनहुँ जसो, ९. थाहा छैन)<br>क. विद्यालयकार्य (Schoolwork) गर्नका इन्टरनेट चलाउन/ब्राउजिङ गर्न (जस्तै: कुनै निबन्ध वा प्रस्तुतीकरण तयार गर्दा)<br>ख. शिक्षकहरूसँग सञ्चार सम्पर्क गर्न मेसेजिङ एप्लिकेसन (जस्तैः वाट्सएप, फेसबुक मेसेन्जर) वा सामाजिक सञ्जाल (जस्तै: फेसबुक, ट्विटर) को प्रयोग<br>ग. शिक्षकहरूसँग सञ्चार सम्पर्क गर्न र कक्षाकार्य वा अन्य विद्यालयकार्य पेश गर्न इमेलको प्रयोग<br>घ. डिजिटल उपकरणमा गृहकार्य गर्न<br>ङ. डिजिटल उपकरणमा सिकाइ एप्स (Learning Apps) वा सिकाइ वेबसाइटको प्रयोग<br>२९. तपाईको विचारमा कक्षा ५/९ का औसत कति विद्यार्थीले देहायका कार्यहरू आफैं (अरूको सहयोगबिना) गर्न सक्छन् ?<br>(१. सबैजसो, २. आधाभन्दा बढी, ३. करिब आधा, ४. आधाभन्दा कम, ५. कसैले पनि सक्दैनन्, ९. थाहा छैन)<br>क. ब्राउजरमा नयाँ ट्याब (New Tab) खोल्न<br>ख. अनलाइनमा फेला परेका फोटो सेभ गर्न<br>ग. पहिले नै हेरेको वेबसाइट पत्ता लगाउन<br>घ. भेटिएका अनलाइन सूचनाको सत्यता जाँच गर्न<br>ङ. आफैंले सिर्जना गरेका भिडियो वा म्युजिक (गीत संगीत) अनलाइन पोष्ट गर्न<br>च. अरूले सिर्जना गरेका अनलाइन सामग्रीमा आधारभूत परिवर्तन/हेरफेर गर्न<br>३०. शैक्षिक पाठ्यक्रमले कक्षा ५/९ का विद्यार्थीको शिक्षण तथा सिकाइ क्रियाकलापका लागि आइसिटीको प्रयोग गर्न सिफारिश गरेको छ ?<br>क. छ<br>ख. छैन<br>ग. थाहा छैन | |

| | |
|---|---|
| ३१. विद्यार्थीसँग हुनुपर्ने वा उनीहरूले विकास गर्नुपर्ने अपेक्षा गरिएको डिजिटल क्षमता* निर्धारण गरिएको कुनै कानूनी संरचना वा निर्देशिकाको व्यवस्था छ ?<br><br>*कार्यसम्पादन वा समस्या समाधान गर्ने उद्‌देश्यले सञ्चार सम्पर्क, सूचनाको पहुँच, व्यवस्थापन, संयोजन, आदान-प्रदान तथा मूल्याङ्कनका लागि आइसिटी र डिजिटल माध्यमको प्रयोग गर्न आवश्यक पर्ने ज्ञान, सीप तथा मनोभाव (Attitude) लाई डिजिटल क्षमता (Digital Competence) भनिन्छ ।<br>क. छ र यो संरचना/निर्देशिका उपयोगी छ<br>ख. छ तर यो संरचना/निर्देशिका यस विद्यालयका लागि सान्दर्भिक छैन<br>ग. यस्तो संरचना/निर्देशिका छैन<br>घ. यस्तो संरचना/निर्देशिका भए/नभएको थाहा छैन<br>३२. गत शैक्षिक सत्रमा आइसिटीको प्रयोग सम्बन्धमा कक्षा ५/९ मा पढ्ने विद्यार्थीको औपचारिक मूल्याङ्कन/लेखाजोखा भयो ?<br>क. भयो<br>ख. भएन<br>ग. थाहा छैन<br>३३. बिगत ३ महिनाको अवधिलाई बिचार गर्दा विद्यालयभित्र देहायका क्रियाकलापहरूका लागि कक्षा ९ का विद्यार्थीले डिजिटल उपकरणहरूको प्रयोग कत्तिको गरेका छन् ?<br>(१. कहिल्यै गरेका छैनन् वा बिरलै गरेका छन्, २. केही पाठमा, ३. अधिकांश पाठमा, ४. हरेक पाठमा, ९. थाहा छैन)<br>क. शैक्षिक विषयहरूको सिकाइ (जस्तैः गणित, भाषा, वाचन/रिडिङ)<br>ख. बातचीत (वार्ता), समय व्यवस्थापन, तथा समूह कार्य जस्ता व्यावहारिक कौशल (Soft Skills) को सिकाइ<br>ग. प्राविधिक तथा व्यवसायिक सीपको अभ्यास<br>घ. अनुकूलक सिकाइ प्रोग्रामको प्रयोग गरी व्यावहारिक अभ्यास (जस्तैः गणित, लेखन/writing)<br>ङ. सिकाइका लागि कम्प्युटर गेमहरूको प्रयोग | |

| | |
|---|---|
| ३४. बिगत ३ महिनाको अवधिलाई बिचार गर्दा विद्यालय बाहिर देहायका क्रियाकलापहरूका लागि कक्षा ९ का विद्यार्थीले डिजिटल उपकरणहरूको प्रयोग कत्तिको गरेका छन् ?<br>(१. कहिल्यै गरेका छैनन् वा बिरलै गरेका छन्, २. महिनाको एक/दुई पटक, ३. हप्ताको एक/दुई पटक, ४. हरेक दिन वा दिनहुँ जसो, ९. थाहा छैन)<br>क. इन्टरनेट चलाउने/ब्राउजिङ<br>ख. सामाजिक सञ्जाल (जस्तैः इन्टाग्राम, फेसबुक, ट्विटर, टिकटक) को प्रयोग<br>ग. कम्प्युटर गेमहरू खेल्ने<br>घ. भर्चुअल रियालिटी (Virtual Reality) प्रविधिको प्रयोग<br>ङ. डुओलिङ्गो (Duolingo) जस्ता सिकाइ एप्स (Learning Apps) को प्रयोग<br>।<br>३५. कक्षा ९ का विद्यार्थीसँग देहायका निम्न कुराहरु हुनु कत्तिको महत्वपूर्ण छ.... ?<br>(१. महत्वपूर्ण छैन, २. सामान्य महत्वपूर्ण, ३. महत्वपूर्ण, ४. अति महत्वपूर्ण, ९. थाहा छैन)<br>क. डिजिटल गलत सूचना (झूठा सूचना) फिल्टर र सूचनाको सत्यता मूल्याङ्कन गर्ने क्षमता<br>ख. डिजिटल सूचनाको स्रोत पहिचान गर्ने तरिका<br>ग. डिजिटल माध्यममा प्रस्तुत गरिएका सूचना अवास्तविक (कहानीमा आधारित), वास्तविक, वा कसैको विचार मात्र हो/होइन भनेर जान्नु<br>घ. व्यक्तिगत सूचना धेरै मानिसहरू (जस्तैः साथीसंगी, आमजनता, एप सेवा प्रदायक आदि) सँग सेयर गर्दा आउने परिणामका बारेमा थाहा हुनु<br>ङ. कम्प्युटर प्रोग्रामिङ र कोडिङका बारेमा जान्नु<br>। | |
| ङ डिजिटल उपकरण र इन्टरनेट कनेक्टिभिटी | |
| ३६. यस विद्यालयमा कतिओटा डिजिटल उपकरण (विशेषगरी डेस्कटप कम्प्युटर, ल्यापटप र/वा ट्याब्लेट) छन् ? यसमा विद्यालयका कर्मचारी वा विद्यार्थीले प्रयोग गर्ने सबै उपकरण पर्दछन् । अनुमान मात्रै भए पुग्ने ।<br>डिजिटल उपकरणको संख्या:-_______ | प्रश्न नं ङ ३६=० भए प्रश्न ४१ मा जानुहोस् |

| | |
|---|---|
| ३७. यस विद्यालयमा तीमध्ये कतिओटा डिजिटल उपकरण हाल चालु अवस्थामा छन् ? अनुमान मात्रै भए पुग्ने ।<br>हाल चालु अवस्थामा रहेका डिजिटल उपकरणको संख्या:_______<br>३८. हाल चालु अवस्थामा रहेका डिजिटल उपकरणमध्ये सिकाइ क्रियाकलापमा प्रयोग गर्न विद्यार्थीका लागि कतिओटा डिजिटल उपकरण उपलब्ध छ ? अनुमान मात्रै भए पुग्ने ।<br>विद्यार्थीलाई उपलब्ध चालु अवस्थाका डिजिटल उपकरणको संख्या:_____<br>३९. तपाईको विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि प्रयोग गर्न अनुकूलन हुने खालका डिजिटल उपकरणहरू छन् (जस्तै: ठूलो वा फरक प्रकारको फन्ट साइज, लेखिएका वा उपलब्ध शब्दहरू सुन्न सकिने, विशेष प्रकारको किबोर्ड वा माउस) ?<br><br>क. छन्<br>ख. छैनन्<br>ग. थाहा छैन<br>४०. गत महिना कक्षा ५/९ का विद्यार्थीले कक्षामा यी डिजिटल उपकरणहरू कत्तिको प्रयोग गरे ?<br>क. कहिल्यै प्रयोग गरेनन् वा बिरलै प्रयोग गरे<br>ख. महिनाको एक/दुई पटक<br>ग. हप्ताको एक/दुई पटक<br>घ. हरेक दिन वा दिनहुँ जसो<br>ङ. थाहा छैन<br>४१. यस विद्यालयमा इन्टरनेटको पहुँच छ ?<br>क. छ<br>ख. छैन<br>४२. विद्यालयमा विद्यार्थीलाई उपलब्ध सबै डिजिटल उपकरणहरू (कम्प्युटर, ल्यापटप र ट्याब्लेट) मध्ये लगभग कतिओटामा इन्टरनेट जोडिएको छ ?<br>विद्यार्थीलाई उपलब्ध इन्टरनेट जोडिएका डिजिटल उपकरणको संख्या:_______<br>४३. तपाईको विद्यालयका बारेमा तलका भनाइसँग कत्तिको सहमत हुनुहुन्छ ?<br>(१. पूर्ण असहमत, २. असहमत, ३. सहमत, ४. पूर्ण सहमत) | प्रश्न ङ ३७=० भए प्रश्न ४१ मा जानुहोस्<br><br>प्रश्न ङ ३८=० भए प्रश्न ४१ मा जानुहोस्<br><br>प्रश्न ङ ४१=ख भए |

| | |
|---|---|
| क. शिक्षण तथा सिकाइ क्रियाकलापलाई प्रभावकारी रूपमा सहयोग गर्न निर्देशन (Instruction) दिनका लागि डिजिटल उपकरणको संख्या पर्याप्त छ ।<br>ख. शिक्षण तथा सिकाइ क्रियाकलापलाई प्रभावकारी रूपमा सहयोग गर्न इन्टरनेट जोडिएका डिजिटल उपकरणको संख्या पर्याप्त छ ।<br>ग. शिक्षण तथा सिकाइ क्रियाकलापलाई प्रभावकारी रूपमा सहयोग गर्न विद्यालयको इन्टरनेट ब्यान्डविथ (Bandwidth) वा गति पर्याप्त छ ।<br>घ. शिक्षण तथा सिकाइ क्रियाकलापलाई प्रभावकारी रूपमा सहयोग गर्न विद्यालयको इन्टरनेट स्थिरता/Stability (जस्तैः सेवा अबरूद्ध नभई निरन्तर कनेक्सन भइरहने) पर्याप्त छ।<br>ङ आइसिटी सम्बन्धी स्रोतको पूर्ण कार्यात्मकताका लागि त्यसको मर्मत सम्भार गर्न प्राविधिक सहयोग पर्याप्त छ ।<br>४४. तपाईको विद्यालयमा इन्टरनेट कनेक्टिभिटीमा स्थिरता/Stability, न्यून ब्यान्डविथ आदिसँग सम्बन्धित समस्या देखिएको अवस्थामा तपाईंलाई सहयोग गरी समस्या समाधान गर्न सरकारी स्तरमा कुनै प्रणाली वा संयन्त्रको व्यवस्था छ ?<br><br>क. छ । मैले यसको उपयोग गरेको छु<br>ख. छ तर मैले यसको उपयोग गरेको छैन<br>ग. यस्तो प्रणाली छैन<br>घ. थाहा छैन<br>४५. सबै [सार्वजनिक/निजी] विद्यालयका विद्यार्थीलाई चालु अवस्थाका डिजिटल उपकरण (व्यक्तिगत कम्प्युटर/PCs, ल्यापटप र वा/अन्य डिजिटल उपकरण) को पहुँच हुनुपर्ने व्यवस्था सम्बन्धी मापदण्ड कार्यान्वयनमा छ ?<br>क. छ<br>ख. छैन<br>ग. थाहा छैन<br>नीति र मापदण्डको परिभाषाका लागि शब्द संग्रह (Glossary) हेर्नुहोस् ।<br>४६. सबै सार्वजनिक विद्यालयलाई इन्टरनेट कनेक्टिभिटी प्रदान गर्ने वा त्यसका लागि सहजीकरण गर्ने सम्बन्धमा सरकारको कुनै रणनीति वा योजना छ ?<br>क. छ | प्रश्न ४३ मा जानुहोस<br>प्रश्न ङ ३६=० वा प्रश्न ङ ३८=० भए प्रश्न ४३ मा जानुहोस् |

| | |
|---|---|
| ख. छैन<br>ग. थाहा छैन<br>रणनीति र योजनाको परिभाषाका लागि शब्द संग्रह (Glossary) हेर्नुहोस् ।<br>४७. देहायका पक्षहरूको अनुगमन गर्ने कुनै व्यक्ति वा संस्था वा संयन्त्र (जस्तै: शिक्षा सूचना प्रणाली, नियमित सर्वेक्षण आदि) को व्यवस्था छ ?<br>(१. छ , २. छैन, ३. थाहा छैन)<br>क. सबै सार्वजनिक विद्यालयमा चालु अवस्थाका डिजिटल उपकरणहरू (व्यक्तिगत कम्प्युटर/PCs,, ल्यापटप, ट्याब्लेट, मोबाइल आदि) भए/नभएको<br>ख. इन्टरनेट कनेक्सन उपलब्ध भए/नभएको<br>ग. विद्यार्थीले डिजिटल उपकरण र कनेक्टिभिटीको उपयोग गरे/नगरेको<br>४८. सार्वजनिक विद्यालयका आइसिटी पूर्वाधारको मर्मत सम्भार गर्ने र/वा प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी तोकिएको सरकारी कानूनको व्यवस्था छ ?<br>क. छ । त्यस्तो जिम्मेवारी विशेषगरी राष्ट्रिय सरकारको तहलाई दिइएको छ<br>ख. छ । त्यस्तो जिम्मेवारी विशेषगरी प्रादेशिक/स्थानीय शिक्षा अधिकारीको तहलाई दिइएको छ<br>ग. छ । त्यस्तो जिम्मेवारी विद्यालय तहलाई दिइएको छ<br>घ. छैन । त्यस्तो जिम्मेवारी कुनै तहलाई पनि दिइएको छैन<br>ङ. थाहा छैन<br>कानून र नीतिको परिभाषाका लागि शब्द संग्रह (Glossary) हेर्नुहोस् । | |
| च. डिजिटल शिक्षा स्रोत (Digital Education Resources -DERs)<br>डिजिटल शिक्षा स्रोत (Digital Education Resources -DERs)को परिभाषाका लागि शब्द संग्रह (Glossary) हेर्नुहोस् । | |
| ४९. तपाईको विद्यालयमा शिक्षण क्रियाकलापका लागि डिजिटल सिकाइ स्रोत (Digital Learning Resources -DERs) को प्रयोगका सम्बन्धमा तलका भनाइसँग तपाई कत्तिको सहमत वा असहमत हुनुहुन्छ ?<br>(१. पूर्ण असहमत, २. असहमत, ३. सहमत, ४. पूर्ण सहमत)<br><br>क. मेरो विद्यालयमा पर्याप्त डिजिटल सिकाइ स्रोत (जस्तै: सिकाइ सम्बन्धी सफ्टवेयर वा एप्स) को पहुँच छ | |

| | |
|---|---|
| ख. उपलब्ध डिजिटल सिकाइ स्रोतको गुणस्तर पर्याप्त छ<br>ग. उपलब्ध डिजिटल सिकाइ स्रोतहरु पाठ्यक्रमका आवश्यकताहरु अनुरुप छन्<br>घ. उपलब्ध डिजिटल सिकाइ स्रोतलाई स्थानीय परिवेश र भाषाका आवश्यकतासँग अनुकूल बनाइएका छन्<br>ङ. उपलब्ध डिजिटल सिकाइ स्रोतलाई अपाङ्गता भएका विद्यार्थीका आवश्यकतासँग अनुकूल बनाइएका छन्<br>५०. यस शैक्षिक सत्रमा कक्षा ५/९ का शिक्षकले विद्यार्थीलाई पढाउँदा तलका औजारहरूको प्रयोग कतिको गरे ?<br>1. (कहिल्यै पनि गरेनन् वा बिरलै गरे, २. केही पाठमा, ३. अधिकांश पाठमा, ४. हरेक पाठमा, ९. थाहा छैन)<br>क. कम्प्युटरमा आधारित सूचना स्रोत (जस्तै: विषय सम्बन्धी वेबसाइट, विकी/Wiki, इन्साइक्लोपेडीया)<br>ख. विद्यालय पाठ्यपुस्तकसँग आबद्ध गरिएका डिजिटल स्रोतहरू<br>ग. डिजिटल सिकाइ स्रोतहरू<br>घ. सहकार्यात्मक/Collaborative सफ्टवेयर (जस्तै: गुगल डक्स, वान नोट)<br>ङ. ग्राफिङ वा ड्रइङ सफ्टवेयर (जस्तै: पेन्ट, ड्रइङ टुल्स)<br>च. वर्ड प्रोसेसर सफ्टवेयर (जस्तै: माइक्रोसफ्ट वर्ड)<br>छ. प्रस्तुतीकरण/Presentation सफ्टवेयर (जस्तै: माइक्रोसफ्ट पावरप्वाइन्ट)<br><br>५१. डिजिटल शिक्षा स्रोत (Digital Education Resources -DERs) का सम्बन्धमा देहायका कुनै पक्षको निर्धारण गर्ने सरकारी कानून/नीतिको व्यवस्था छ ?<br>(१. छ , २. छैन , ३. थाहा छैन)<br>क. सार्वजनिक विद्यालयमा डिजिटल शिक्षा स्रोतको पहुँच सुनिश्चित गर्ने रणनीति<br>ख. डिजिटल शिक्षा स्रोतको गुणस्तर मापदण्ड<br>ग. डिजिटल शिक्षा स्रोतलाई पाठ्यक्रमका आवश्यकतासँग आबद्ध गरिने तरिका<br>घ. डिजिटल शिक्षा स्रोतलाई स्थानीय भाषा वा संस्कृतिसँग अनुकूलित बनाउने तरिका<br>ङ. डिजिटल शिक्षा स्रोतलाई अपाङ्गगता भएका विद्यार्थीको प्रयोगका लागि अनुकूल बनाउने तरिका | |
| अग्रिम रूपमा उपलब्ध गराइने प्रश्नहरू | |

| विद्यालय सम्बन्धी सूचना (अग्रिम रूपमा उपलब्ध गराइने) | |
|---|---|
| १०. यस विद्यालयमा हाल कति विद्यार्थी अध्ययनरत छन् (जम्मा) ? अनुमान मात्रै भए पुग्ने ।<br>संख्या:____________<br>११. यस विद्यालयको कक्षा ५/९ मा हाल कति विद्यार्थी अध्ययनरत छन् (जम्मा) ? अनुमान मात्रै भए पुग्ने ।<br>संख्या:__________ | |
| उपकरण सम्बन्धी सूचना (अग्रिम रूपमा उपलब्ध गराइने) | |
| ३६. यस विद्यालयमा कतिओटा डिजिटल उपकरण (विशेषगरी डेस्कटप कम्प्युटर, ल्यापटप र÷वा ट्याब्लेट) छन् ? यसमा विद्यालयका कर्मचारी वा विद्यार्थीले प्रयोग गर्ने सबै उपकरण पर्दछन् । अनुमान मात्रै भए पुग्ने ।<br>डिजिटल उपकरणको संख्या:-_______<br>३७. यस विद्यालयमा तीमध्ये कतिओटा डिजिटल उपकरण हाल चालु अवस्थामा छन् ? अनुमान मात्रै भए पुग्ने ।<br>हाल चालु अवस्थामा रहेका डिजिटल उपकरणको संख्या:_________<br>३८. हाल चालु अवस्थामा रहेका डिजिटल उपकरणमध्ये सिकाइ क्रियाकलापमा प्रयोग गर्न विद्यार्थीका लागि कतिओटा डिजिटल उपकरण उपलब्ध छ ? अनुमान मात्रै भए पुग्ने ।<br>विद्यार्थीलाई उपलब्ध चालु अवस्थाका डिजिटल उपकरणको संख्या:_____<br>४२. विद्यालयमा विद्यार्थीलाई उपलब्ध सबै डिजिटल उपकरणहरू (कम्प्युटर, ल्यापटप र ट्याब्लेट) मध्ये लगभग कतिओटामा इन्टरनेट जोडिएको छ ?<br>विद्यार्थीलाई उपलब्ध इन्टरनेट जोडिएका डिजिटल उपकरणको संख्या:______ | |

# समाप्त

The document *ETRI School Questionnaire (Nepali)* was elaborated by the World Bank's Education Global Practice as part of the EdTech Readiness Index. Version 1.0. Published on 22nd of March 2023. For further information please contact: ETRI@worldbank.org.